आज मिति २०८२ असोज २७ गतेका दिन यस सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष श्री मोहन बहादुर के.सी.ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी सोही आधारमा निर्णयहरू पारित गरियो।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | वडा नं. | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | मोहन बहादुर के.सी. | अध्यक्ष | ९ | ९८६१९३२९६० | |
| २ | पार्वती सिंह (संज्याल) | उपाध्यक्ष | ६ | ९८४९६६२४७१ | |
| ३ | बैकुण्ठराज गिरी | वडा अध्यक्ष | १ | ९८४७९१६८०९ | |
| ४ | वसन्त बहादुर बुढा | वडा अध्यक्ष | २ | ९८५८३२१०६५ | |
| ५ | रंगलाल देवकोटा | वडा अध्यक्ष | ३ | ९८४८३०१४४१ | अनुपस्थित |
| ६ | देवनाथ योगी | वडा अध्यक्ष | ४ | ९७४८९०६३१४ | |
| ७ | रामराज बम | वडा अध्यक्ष | ५ | ९८६१६५५७४० | |
| ८ | नहकुल संज्याल | वडा अध्यक्ष | ६ | ९८४८५३९८४४ | |
| ९ | जय प्रसाद सिम्खाडा | वडा अध्यक्ष | ७ | ९८४८३६०१०० | अनुपस्थित |
| १० | नौलासिंह बुढा | वडा अध्यक्ष | ८ | ९७४६५२८५६६ | |
| ११ | नरपती तिरुवा | वडा अध्यक्ष | ९ | ९८४८३५८५४२ | |
| १२ | रुपकला शाही | कार्यपालिका सदस्य | ५ | ९८६५२५३४०७ | |
| १३ | जमुना कुमारी सहकारी | कार्यपालिका सदस्य | ९ | ९७४२२६१६१० | अनुपस्थित |
| १४ | अम्मकला देवकोटा | कार्यपालिका सदस्य | ३ | ९८४८३३०३७३ | " |
| १५ | गोमा सिम्खाडा | कार्यपालिका सदस्य | ७ | ९८४८६६८६०२ | गोमा |
| १६ | झ्यापा सार्की | कार्यपालिका सदस्य | १ | ९८४३७७०२२६ | |
| १७ | भरत वि.क. | कार्यपालिका सदस्य | १ | ९८५११५५६०२ | |
| १८ | प्रेम बहादुर बडुवाल | सदस्य सचिव | | ९८४८२१५३५८ | |

मोहन बहादुर के.सी.
गा.पा. अध्यक्ष

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७२

Scanned with CamScanner

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

**प्रस्तावहरू**

प्रस्ताव नं. १:- अस्थायी तथा करार सेवा सम्झौता रद्द सम्बन्धमा।

प्रस्ताव नं. २:- बजेट संशोधन/रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं. ३:- गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरूको करार सेवा रद्द सम्बन्धमा।

प्रस्ताव नं. ४:- जनज्योती मा.वि. तिकुवाको भवन निर्माणको साझेदारी बजेट सुनिश्चितता सम्बन्धमा ।

प्रस्ताव नं. ५:- योजना संशोधन सम्बन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकाको कार्यालयमा कार्यरत करार कर्मचारीहरूको सन्दर्भमा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा (१४) को उपदफा (१) र (२) मा भएको व्यवस्था र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम (११) को उपनियम (१) र (२) मा भएको कानूनी प्रावधान र सोही प्रावधान अनुरुप नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८२/०६/०७, चलानी नं. ११८ को पत्रानुसार नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०६/०५ को बैठकबाट संगठन संरचना सुधार अन्तर्गत" नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने " भनि निर्णय भएको र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/०६/०८, चलानी नं. ११३ को पत्रानुसार निर्णय कार्यान्वयन गर्ने/गराउने भनि परिपत्र प्राप्त भएकाले उल्लेखित व्यहोरालाई समर्थन हुने गरी यस गाउँपालिकाको मिति २०८२/०६/२१ को पत्रलाई अनुमोदन गर्दै यस कार्यालय अन्तर्गत स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करार सेवामा नियुक्त तपसिल अनुसारका करार कर्मचारीहरूको मिति २०८२/०७/०१ गते देखि लागु हुने गरी करार सेवा सम्झौता रद्द गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**तपसिल**

| क्र.सं. | कर्मचारीहरूको नाम, थर | कार्यरत पद | तह |
|---|---|---|---|
| १ | श्री डा. रोशन कुमार राय यादव | मेडिकल अधिकृत | ८ |
| २ | श्री नर प्रसाद जैसी | कानूनी सल्लाहकार | ६ |
| ३ | श्री मनोज प्रसाद देवकोटा | गै.स.सं. समन्वय संयोजक | ६ |
| ४ | श्री लक्ष्मी प्रसाद सुवेदी | सव-इन्जिनियर | ५ |
| ५ | श्री चन्द्र प्रसाद संज्याल | बिमा अभिकर्ता | ५ |
| ६ | श्री हुकुम नाथ योगी | स्टेशन मेनेजर | ५ |
| ७ | श्री शोवा बुढा | ल्याव टेक्निसियन | ५ |
| ८ | श्री कविता शाही | हे.अ | ५ |
| ९ | श्री भरत के.सी./खत्री | सहायक कर्मचारी | ४ |
| १० | श्री सर्मिला कुमारी बम | अमिन | ४ |
| ११ | श्री वेवस्था बम | ना.प्रा.स | ४ |
| १२ | श्री हरि बहादुर धामी | स. कम्प्युटर अपरेटर | ४ |
| १३ | श्री प्रेम सावद | सहायक कर्मचारी | ४ |

मोहन बहादुर के.सी.
गा.पा.अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १४ | श्री प्रेम बहादुर विश्वकर्मा | कार्यक्रम संयोजक | ४ |
| १५ | श्री सुरसानाथ योगी | समाचार प्रमुख | ४ |
| १६ | श्री खिम कुमारी न्यौपाने | अनमी | ४ |
| १७ | श्री हर्सिला कुमारी सुवेदी | अनमी | ४ |
| १८ | श्री निर्मला बुढा | अनमी | ४ |
| १९ | श्री सर्मिला के.सी. | अनमी | ४ |
| २० | श्री नर नेपाली | अहेब | ४ |
| २१ | श्री कांग्रेसा बुढा | अनमी | ४ |
| २२ | श्री खकेन्द्र के.सी. | अहेब | ४ |
| २३ | श्री भिमा कुमारी वली | अनमी | ४ |
| २४ | श्री रेश्मा कुमारी भट्टराई | अनमी | ४ |
| २५ | श्री शुसिला बुढा | अनमी | ४ |
| २६ | श्री मिना ~~कुमारी [illegible]~~ ओली (मोहन बहादुर के.सी. गा.पा. अध्यक्ष) | अनमी | ४ |
| २७ | श्री डम्बर बहादुर बम | स्टोर किपर | ४ |
| २८ | श्री मोहनराज भट्ट | ल्याव टेक्निसियन | ४ |
| २९ | श्री मिलन बहादुर बटाला | अहेब | ४ |
| ३० | श्री परिलाल देवकोटा | अहेब | ४ |

<u>निर्णय नं. २</u>

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिका आर्थिक वर्ष २०८२/८३ को वार्षिक विनियोजित बजेट अनुसार देहाय अनुसार कार्यक्रम रकमान्तर/संशोधन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क्र. सं. | कार्यक्रमको नाम | विनियोजित रकम | थप गरिएको कार्यक्रमको नाम | रकमान्तर गरिएको रकम |
|---|---|---|---|---|
| १ | विविध खर्च | १०,००,००० | विविध खर्च (कार्यपालिका बैठक, विभिन्न समीक्षा र कार्यक्रममा चियापान तथा खाजा खर्च | ३,००,००० |
| २ | अन्य सार्वजनिक निर्माण | १०,००,००० | गाउँपालिकाभित्रका विपद्का कारण अवरुद्ध सडकहरूको मर्मत सम्वन्धी कार्य | ३,००,००० |
| | | | सवारी साधन | ४,५०,००० |

मोहन बहादुर के.सी. अध्यक्ष

सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक सुधार गर्नुपर्ने, कार्यविधि तथा कार्यदल बनाई यथाशीघ्र विद्यालयको मर्जर, दरबन्दी मिलान र तह घटाउने कार्य गर्नुपर्ने, महालेखापरीक्षकको कार्यालयका वार्षिक प्रतिवेदनहरू मार्फत पटक पटक गाउँपालिका अनुदानका शिक्षकहरू विद्यार्थी संख्याको अनुपातमा बढी रहेको औंल्याई अनियमित बेरूजु कैफियतका रुपमा लेख्ने गरेको, गाउँपालिकाले यस पूर्व राखिएका धेरैजसो शिक्षकहरूको अध्यापन अनुमतिपत्र समेत नरहेको र पालिकालाई प्राप्त समानीकरण अनुदानबाट तलव दिनुपर्ने वाध्यात्मक अवस्था सिर्जना भएको लगायतका कारणले यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण अनुदानका शिक्षकहरूको करार म्याद यहि मिति २०८२/०७/०१ बाट लागु हुने गरी रद्द गरिएको छ। साथै मर्जर गर्दै गर्दा, तह घटाउदै गर्दा र दरबन्दी मिलान गर्नुपूर्व वा गर्दैगर्दा कहींकतै कुनै विद्यालयमा शिक्षकको आवश्यकता परेमा स्वतन्त्र र निष्पक्ष भई प्रतिस्पर्धाका आधारमा छनौट गरी राखिने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिका वडा नं ४ मा रहेको श्री जनज्योती माध्यमिक विद्यालय तिकुवामा विद्यालयको भवन निर्माणका लागि भारतीय राजदुतावासबाट अनुदान रकम प्राप्त भई यस गाउँपालिकाबाट साझेदार गर्नुपर्ने रकम अनुसारको बजेट सुनिश्चित गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा कर्णाली प्रदेश सरकारबाट सामाजिक विकास कार्यालय कालीकोट अन्तर्गत आ.व. २०८२/८३ मा विनियोजन भएको श्री शंकर मा.वि. अधुरो भवन निर्माण (PID:६३५०२०८२-१८७५२R) योजनाको नाम परिवर्तन गरी श्री शंकर मा.वि. फिल्ड मर्मत तथा घेराबार शीर्षकमा योजना संशोधन गर्नको लागि सामाजिक विकास मन्त्रालय, सुर्खेतलाई सिफारिस गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैरवगुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

Scanned with CamScanner